**विहादी गाउँपालिका**

**स्थानीय राजपत्र**

| | | | |
|---|---|---|---|
| **खण्ड ९** | **संख्या ६** | **मिति** | **२०८२।०८।०८** |

# भाग २

**विहादी गाउँपालिका**
**गण्डकी प्रदेश, नेपाल**

**संवत २०८२ सालको कार्यविधि / निर्देशिका / मापदण्ड संख्या ६**

# प्रजननका लागि राँगा पालेका कृषकहरुलाई प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड- २०८२

विहादी गाउँपालिकाभित्र प्रजननका लागि राँगा पालेका कृषकहरुलाई अनुदान उपलब्ध गराउनका लागि कानुनी व्यवस्था गर्नुपर्ने भएकाले सो कार्यका लागि विहादी गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ तथा विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यो कार्यविधि निर्माण गरि प्रकाशन गरिएको छ।

**<u>प्रजननका लागि राँगा पालेका कृषकहरुलाई प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड-२०८२</u>**

यस विहादी गाउँपालिकामा मानिसहरु कृषि पेशामा संलग्न छन् । कृषि पेशा अन्तर्गत धेरै जसो कृषकहरुले भैँसी पालनमा संलग्न भई दुध उत्पादन गर्ने र भैँसीबाट प्राप्त मलमुत्र खेतबारीमा प्रयोग गर्ने गरेका छन् । कृषकहरुले आफ्ना भैँसीहरु बाली खोज्दा समयमै प्रजनन् गराउन पाए राम्रो लाभ लिन सक्छन् । पहाडी क्षेत्रमा अवस्थित विहादी गाउँपालिका भौगोलिक हिसाबले हरेक स्थान सुगम नहुँदा कृषकहरुका भैँसीहरु बाली खोज्दा उपयुक्त समयमा प्रजनन् गराई गर्भाधान गराउन नपाउदा अधिकतम् लाभ लिन नसकेका कृषकहरुले गर्भाधानका लागि कष्ट खेप्न परेको छ । यस कुराको मध्यनजर गर्दै कृषकहरुलाई प्रजननको लागि राँगा पाल्न र पालेकालाई प्रोत्साहन गर्ने उद्धेश्यले विहादी गाउँपालिकाले प्रजननका लागि राँगा पालेका कृषकहरुलाई प्रोत्साहन कार्यक्रम संचालनको लागि यो मापदण्ड तयार पारेको छ।

**कार्यक्रमः प्रजननका लागि राँगा पालेका कृषकहरुलाई प्रोत्साहन कार्यक्रम**

एउटा प्रजनन् योग्य राँगा पालने कृषकलाई राँगा पाले बापत प्रोत्साहन अनुदान रकम रु १०,०००/- (दश हजार रुपैयाँ मात्र)

**कार्यक्रम लागु हुने स्थानः**

विहादी गाउँपालिकाको सम्पुर्ण वडाहरु

**कार्यक्रम संचालन गर्ने प्रकृयाः**

यस कार्यक्रम संचालन गर्नका लागि गाउँपालिकाले सम्बन्धीत शिर्षकमा १५ दिने सुचना प्रकाशन गर्नेछ । सुचना वमोजिम माँग हुन आएका निवेदन माथी सम्बन्धीत शाखाले आवश्यक प्रकृया पुरा गरी अनुगमनको आधारमा कृषक छनौट गर्नेछ। छनौटमा परेका कृषकहरुको बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गरिनेछ।

**निवेदन पेश गर्दा आवश्यक पर्ने कागजातहरुः**

१. निवेदकको निवेदन र नागरिकताको प्रतिलिपि।
२. वडाको सिफारिस।
३. विमा पोलिसिको प्रतिलिपि।
४. नियमित खोप लगाएको खोप कार्डको प्रतिलिपि ।
५. स्पस्ट ट्याग देखिने गरि रांगाको फोटो।
६. सम्बन्धित शाखाबाट अन्य किसिमको अनुदान प्राप्त गरे/नगरेको स्वघोषणा ।
७. अनुदान प्राप्त गरे पश्चात कम्तिमा ३ वर्ष रांगा पाल्ने प्रतिवद्धता।

**कृषक छनौट तथा मुल्याङ्कनका आधारहरुः**

| क्र.स | विवरण | भए (१०) | नभए(५) |
|---|---|---|---|
| १ | आवश्यक कागजातको संलग्नता | | |
| २ | राँगा राख्ने गोठखोर/ प्राविधिक हिसावले उत्तम | | |
| ३ | नियमित खोप लगाएको खोप कार्ड | | |
| ४ | राँगाको उमेर २ वर्ष भन्दा माथि | | |
| ५ | सम्बन्धित शाखाबाट अन्य किसिमको अनुदान नलिएको | | |
| ६ | विपन्न | | |
| ७ | दलित | | |
| | जम्मा | | |

आज्ञाले

थमन बहादुर रेश्मी

प्रमुख प्रशासकीय अधिकृत